# धनगढीमाई नगरपालिका

# नीतिगत निर्णय २०७६

धनगढीमाई नगरपालिका

**नगरकार्यपालिकाको कार्यालय**

सिरहा, प्रदेश नं २

नेपाल

## धनगढीमाई नगरपालिकाको चौथो नगर सभा बाट स्विकृत नीतिगत निर्णयहरु

**निर्णय नं. १** : धनगढीमाई नगरपालिकाले आगामी आ.ब. २०७६।०७७ मा लिने बार्षिक नीति तथा कार्यक्रमको मस्यौदा प्रस्तुत हुँदा सो नीति तथा कार्यक्रम पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** : नगर कार्यपालिकाले आगामी आ.ब. ०७६।०७७ को कर, शुल्क तथा दस्तुर संकलन गरी अर्थ सम्बन्धी व्यवस्था गर्न पेश भएको आर्थिक विधेयक २०७६ मस्यौदा उपर सभामा दफावार छलफल भयो । पेश भएको विधेयकलाई केही परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** : नगरकार्यपालिकाको लागि आ.ब. ०७६।०७७ को लागि सेवा तथा कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्न र विनियोजन विकासको लागि रकम खर्च गर्ने व्यवस्थाको लागि तयार भएको विनियोजन विधेयक, २०७६ स्वीकृत गरियो ।

**निर्णय नं ४** : नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त तपसील बमोजिमको दरबन्दी स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र.सं. | पद | तह | सेवा | समूह | उप समूह | स्वीकृत दरवन्दी | कार्यरत संख्या | रिक्त पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | | १ | १ | - | |
| २. | अधिकृत | ९/१० | शिक्षा | शिक्षा प्रशासन | ...... | १ | - | १ | |
| ३. | सि.डि.ई. | ९/१० | इन्जि. | सिभिल | ....... | १ | - | १ | |
| ४. | लेखा अधिकृत | ७/८ | प्रशासन | लेखा | | १ | - | १ | |
| ५. | अधिकृत | ७/८ | प्रशासन | सामान्य प्रशासन | ...... | १ | - | १ | |
| ६. | अधिकृत | ७/८ | शिक्षा | शिक्षा प्रशासन | ...... | १ | १ | - | |
| ७. | जनस्वास्थ्य अधिकृत | ७/८ | स्वास्थ्य | जन स्वास्थ्य | ...... | १ | १ | - | |
| ८. | इन्जिनियर | ७/८ | इन्जि. | सिभिल | ...... | १ | १ | - | करार |
| ९. | अधिकृत | ६ | प्रशासन | सामान्य प्रशासन | ...... | २ | १ | १ | |
| १०. | प.हे.न. | ५/६ | स्वास्थ्य | क.न. | ...... | १ | - | १ | |
| ११. | आन्तरिक लेखापरीक्षण सहायक | ५ | प्रशासन | लेखा | ...... | १ | १ | - | करार, ४ तह |
| १२. | हे.अ. | ५/६ | स्वास्थ्य | हे.ई. | ...... | १ | - | १ | |
| १३. | सहायक | ५ | प्रशासन | सामान्य प्रशासन | ...... | ५ | - | ५ | |
| १४. | प्रा.स. | ५ | शिक्षा | शिक्षा प्रशासन | ...... | १ | - | १ | |
| १५. | लेखापाल | ५ | प्रशासन | लेखा | ...... | १ | १ | - | |
| १६. | सब-इन्जिनियर | ५ | इन्जिनियरिङ | सिभिल | ...... | २ | १ | १ | |
| १७. | महिला विकास निरीक्षक | ५ | विविध | ......... | ...... | १ | १ | - | |
| १८. | कम्प्यूटर अपरेटर | ५ | विविध | .......... | ...... | १ | | १ | |
| १९. | अमिन | ४ | इन्जिनियरिङ | सर्भे | ...... | १ | १ | - | करार |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २०. | सहायक | ४ | प्रशासन | सामान्य प्रशासन | …… | २ | २ | - | |
| २१. | स.ले.पा. | ४ | प्रशासन | लेखा | …… | १ | | १ | |
| २२. | सहायक महिला विकास निरीक्षक | ४ | विविध | …… | …… | १ | १ | - | |
| | नगरकार्यपालिका तर्फको जम्मा | | | | | २९ | १३ | १६ | |
| **वडा कार्यालयतर्फको दरबन्दी** | | | | | | | | | |
| २४. | सहायक | ५ औं | प्रशासन | सामान्य प्रशासन | …… | ६ | - | ६ | |
| २५. | सब-इञ्जिनियर | ५ औं | इञ्जिनियरिङ | सिभिल | …… | ६ | १ | ५ | करार सेवा |
| २६. | सहायक | ४ | प्रशासन | सामान्य प्रशासन | ……… | ७ | ६ | १ | |
| २७ | असिस्टेण्ट सब-इञ्जिनियर | ४ | इञ्जिनियरिङ | सिभिल | ……. | ८ | १ | ७ | |
| २८ | मुखिया | ३ | प्रशासन | सामान्य प्रशासन | | १ | १ | - | |
| | वडा कार्यालय तर्फको जम्मा | | | | | २८ | ९ | १९ | |

**निर्णय नं ५** : नगरपालिकाको कार्य वोझ वढी भएकाले नगर कार्यपालिकामा कायम रहेको दरवन्दीमा कार्यरत कर्मचारीहरु वाट दैनिक कार्यसंचालन गर्न कठिनाई भै रहेको साथै समायोजन भएका कर्मचारी समेत हाजिर हुन आईनसकेको बर्तमान अवस्थामा तपसील बमोजिमको अस्थायी दरबन्दी स्विकृत गर्ने निर्णय गरियो ।

| सि.नं. | पद | तह/श्रेणी | दरवन्दी | कार्यरत कर्मचारीहरुको संख्या | |
|---|---|---|---|---|---|
| | | | | करार | अस्थायी |
| १ | सुचना प्रविधि अधिकृत/सुचना अधिकारी | रा.प. तृतीय | १ | १ | |
| २ | स्वकीय सचिव (प्रमुख) | रा.प.अनं. द्वितीय | १ | १ | |
| ३ | सहायक कम्प्यूटर अपरेटर | रा.प.अनं. द्वितीय | १ | १ | |
| ४ | ल्याव टेकनिसियन | रा.प.अनं. प्रथम | २ | २ | |
| ५ | अहेब | रा.प.अनं. द्वितीय | २ | २ | |
| ६ | अनमि | रा.प.अनं. द्वितीय | ४ | ४ | |
| ७ | सामाजिक परिचालक | रा.प.अनं. तृतीय | ५ | ५ | |
| ८ | ईलेकट्रीसीयन | रा.प.अनं. द्वितीय | १ | १ | |
| ९ | चेनम्यान | श्रेणीविहिन | १ | १ | |
| १० | नगर प्रहरी | श्रेणीविहिन | १० | १० | |
| ११ | पाले | श्रेणीविहिन | ३ | ३ | |
| १२ | हेभी सवारी चालक | श्रेणीविहिन | १ | १ | |
| १३ | जे.सि.वि. चालक | श्रेणीविहिन | १ | १ | |
| १४ | सवारी चालक | श्रेणीविहिन | ३ | ३ | |
| १५ | कार्यालय सहयोगी | श्रेणीविहिन | २१ | २१ | |
| १६ | माली | श्रेणीविहिन | २ | २ | |
| १७ | स्वीपर | श्रेणीविहिन | ५ | ५ | |
| | जम्मा | | ६४ | ६४ | |

**निर्णय नं ६** : यस नगरपालिका अन्तरगत बिगत लामो समय देखि कार्यरत रहि आएका करार सेवा तर्फका कर्मचारीहरुको सेवालाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं ७** : यस नगरपालिका अन्तरगत कार्यरत करार सेवाका कर्मचारीहरुलाई खाईपाई आएको मासिक पारिश्रमिक बराबर १ महिनाको रकम चाडपर्व खर्च बापत र रु ५०००।०० पोशाक खर्च बापत सुबिधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ८** : यस नगरपालिका अन्तरगत नगरपालिका स्थापना हुनु पुर्व निर्माण भएको पुराना घरहरुलाई नियमित गरि नगरपालिकाको अभिलेखमा ल्याउने सम्बन्धमा पुनः १ महिनाको सुचना प्रकाशन गरि पुराना घरहरु नियमित गर्ने गराउने निर्णय गरियो ।

**निर्णय न. ९** : नेपालको संविधानको दफा २१७ वमोजिम उप प्रमुखको संयोजकत्वमा न्यायिक समिति गठन गर्नुपर्ने प्रावधान रहेको र न्यायिक समितिमा २ दुई जना सदस्य नगरसभावाट निर्वाचित गरिनु पर्ने भएकोमा यस अघि गठन गरिएको समितिलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय न १०** : नगरपालिका क्षेत्रभित्र रहेको सार्वजनिक, ऐलानी, पर्ती जग्गा तथा चल अचल सम्पत्तिहरुलाई संरक्षण गर्ने उद्देश्यले अतिक्रमण भएका त्यस्ता सम्पत्तिहरुलाई नगरपालिकाको स्वामित्वमा ल्याउन आबश्यक पहल कदमी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११** : नगरपालिकामा समावेश भएका साविक गा.वि.स.हरुका म.ले.प.तथा नगरपालिकामा भएका म.ले.प. प्रतिवेदनवाट देखाइएका वेरुजु तथा साविक देखि हालसम्म असूल उपर गर्न बाँकी वक्यौता रकम कडाईका साथ असूल उपर गर्ने र वेरुजु फर्छ्यौट कार्यलाई प्राथमिकता दिने निर्णय गरियो ।

**निर्णय नं. १२** : आ.ब. २०७५।७६ मा धनगढीमाई नगर कार्यपालिका, नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतबाट गरिएका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३** : धनगढीमाई नगरपालिकाको बिनियोजन ऐन २०७५ लाई कार्यान्वयन गर्ने सन्दर्भमा भए गरेका सम्पूर्ण (शिर्षकान्तर भई रकमान्तर भएका समेतका) खर्चहरु अनुमोदन गरियो ।

**निर्णय नं. १४** : नगर कार्यपालिकाको वैठकवाट यस अघि गठन गरिएका विभिन्न समिति उप समितिहरुलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नः १५** : यस नगरपालिका अर्न्तगत कार्यरत स्थानीय तहका शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवा, महिला तथा बालबालिका तर्फका कर्मचारी हरुले खाईपाई आएको आ.व. २०७५/०७६ को तलवी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६** : नगरपालिकावाट संचालन हुने क्षमता विकास तालिम लगायत अन्य सामाजिक विकासका कार्यक्रमहरु संचालन तथा विभिन्न प्रकारका बैठक, सभा समारोह, तालिम, गोष्ठी आदि गर्दा अर्थ मन्त्रालयले स्वीकृत गरेको मापदण्डका आधारमा नगरपालिकाले तयार गरेको मापदण्ड सिवकृत गरियो ।

| क्र.स. | खर्च क्षेत्र | इकाई | दर रु. र सीमा |
|---|---|---|---|
| 1 | सहजकर्ता/स्रेतब्यक्ति को पारिश्रमिक कार्यालय बाहिरबाट | प्रति कक्षा प्रति डेढ घण्टा | २५००।(स्रोत सामग्री रु. ५००। सहित) |
| 2 | सहजकर्ता/स्रेतब्यक्ति को पारिश्रमिक कार्यालयबाट | प्रति कक्षा प्रति डेढ घण्टा | २०००।(स्रोत सामग्री रु. ३००। सहित) |
| 3 | सहायक सहजकर्ता | प्रति कक्षा प्रति डेढ घण्टा | १०००। |

| | | | |
|---|---|---|---|
| 4 | कार्यक्रम संयोजक | प्रति कार्यक्रम प्रतिदिन | १०००।(एक कार्यक्रममा एक जना मात्र) |
| 5 | खाजा खर्च | प्रति व्यक्ति प्रतिदिन | १००।(दिनको एक पटक) |
| 6 | खाना खर्च | प्रतिव्यक्ति प्रति छाक | २५०। |
| 7 | चिया खर्च | प्रति व्यक्ति | ४०।(दिनको २ पटक सम्म) |
| 8 | सहभागी स्टेसनरी | प्रति व्यक्ति प्रति तालिम | १५०।(डटपेन, कापी अन्य) |
| 9 | तालिम मसलन्द | प्रति तालिम | ३०००।(मार्कर बोर्ड पेन आदि) |
| 10 | विविध खर्च | प्रति तालिम | १०००। |
| 11 | आवासीय तालिम गर्दा प्रति सहभागी तथा सहजकर्ता | प्रति व्यक्ति प्रतिदिन | १,५००।(खान बस्न सहित) |
| 12 | यातायात खर्च | प्रति व्यक्ति प्रतिदिन | ३०० देखि ५०० सम्म |
| 13 | उद्घाटन तथा समापन खर्च | प्रति तालिम | ३,०००। |
| 1४ | प्रतिवेदन लेखन | प्रति तालिम | १०००। |

**निर्णय नं.१७** : नगर कार्यपालिकामा कार्यरत प्राबिधिक तथा अन्य जिम्मेवार कर्मचारीहरुले कार्यालय समय बाहेक तथा सार्वजनिक बिदाका दिनमा समेत कार्य गर्नु पर्ने हुँदा यस्ता कर्मचारिलाई उत्प्रेरित गराउनका लागि नगर कार्यपालिकाको निर्णय अनुसार प्रोत्साहन भत्ता उपलब्ध गारउने निर्णय गरियो ।

**निर्णय नं. १८ :** धनगढीमाई नगरपालिकाको बिनियोजन ऐन २०७६ मा एकमुष्ठ रुपमा बिनियोजन भएको रकमलाई क्रियाकलापमा बिभाजन गरि कार्यक्रम संचालन गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९ :** धनगढीमाई नगरपालिकाको स्विकृत नगर यातायात गुरुयोजना (Municipal Transport Masterplan- MTMP) र नेपाल सरकारले निर्धारण गरेको सडक मापदण्ड तथा राइट अफ वे बमोजिमको सडक क्षेत्र भित्र अव्यवस्थित रुपमा निर्माण भएका भौतिक संरचना तथा गैर कानुनी रुपमा निर्माण भएका जुनसुकै संरचना हटाई सडक विस्तार तथा अन्य विकास निर्माण गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं.** २० : आ. व. २०७६/७७ मा संचालन गरिने विकास निर्माण कार्यका लागि गठन गरिने उपभोक्ता समितिले गरिआएको लागत सहभागितालाई बस्तुपरक जनाउन सहभागिताको अनुपात नगर कार्यपालिकाले तोकेबमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१ :** यस नगरपालिकाबाट सम्झौता भई निर्धारित अवधिमा कार्य सम्पन्न हुन नसकेका बिनियोजन ऐन मा उल्लेख भएका योजनाहरुको म्याद २०७६ कार्तिक मसान्त सम्मका लागि थप गरि दायित्व समेत सार्ने निर्णय गरियो ।

**निर्णय नं. २२ :** नगरको स्वास्थ्य सूचकलाई माथि उठाउन महत्वपूर्ण भूमिका खेल्ने महिला स्वास्थ्य स्वयंसेविकाको यातायात खर्च तथा प्रोत्साहन रकममा बार्षिक रुपमा रु २०००।०० थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३ :** यस नगरपालिकाबाट निजी जग्गा नाप जाँचका लागि कार्यालय समय बाहेक तथा बिदाको दिनमा खटिजाने अमिन तथा चेनम्यानलाई खाजा खाना बापत दैनिक प्रति व्यक्ति रु १००।०० का दरले सुबिधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २४ :** यस नगरपालिकामा रहेका भारि यन्त्र उपकरण (रोलर, ग्रेडर) भाडामा संचालन हुँदा अपरेटरको भत्ता बापत प्रति स्फिट् रु २०००।०० थप दस्तुर लिने गरिएकोमा नगरपालिकाबाट नियुक्त अपरेटरका हकमा सो रकमबाट ५० प्रतिशतले हुन आउने रकममात्र अपरेटरलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २५ :** यस नगरपालिकामा रहेको ब्याकहो लोडर संचालन हुदा चलकलाई खाजा खाना बापत प्रति घण्टा रु. १००।०० त्यस्तै गरि ट्याक्टर तथा ट्रिपर संचालन हुँदा प्रटि ट्रिपको चालकलाई खाजा खाना बापत रु. १००।०० उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २६ :** यस नगरपालिका अन्तरगत कार्यरत स्थानीय सेवाका स्थायी कर्मचारीहरुले खाई पाई आएको तलबमानमा २०७६।४।१ देखि लागु हुने गरि अधिकृत स्तरको लागि १८ प्रतिशत र अन्यका लागि २० ले बृद्धि गर्ने र करार सेवाका कर्मचारीहरुको मासिक पारिश्रमिकमा एकमुष्ट रुपमा रु. २०००।०० थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७ :** आ.ब. ०७६।७७ मा धनगढीमाई नगरपालिकाको बिभिन्न वडाहरुमा चेतनामुलक, शीपमूलक, शारीरिक, मानसिक स्वास्थ्य लगायतका साना पुर्वाधारजन्य योजना तथा कार्यक्रमहरु संचालनको अनुमति माग भएका सबै संस्थाको कार्यक्रम स्विकृत गरि संचालन अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८ :** यस नगरपालिकाम १० जना नगर प्रहरी कार्यरत रहेकोमा सबै समान तहको रहेको कारण आदेश तथा नियन्त्रणमा समस्या भएकोले नगर प्रहरी जवान ऋषि कुमार महतोको स्तर १ तह बृद्धि गरि हवल्दार पद कायम गरि निजको मासिकमा समेत रु १५००। बृद्धि गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९ :** यस नगरपालिकाबाट घर नक्सा पासका लागि संधियारको नाममा जारी भएको १५ दिने सूचना बमोजिम कुनै उजुर बाजुर नभएको अवस्थामा पनि संधियार सँग सम्पर्क हुन नसकेको कारण सरजमिन मुचुल्कामा सही हुन नसकी नक्सा पास मा बाधा परेको कुरालाई ध्यानदिदा १५ दिने म्याद समाप्त भए पश्चात ३५ दिन सम्म सधिंयार संग सम्पर्क हुन नसकेमा सर्जमिन मुचुल्का वडा अध्यक्षबाट प्रमाणित गराई सोहि आधारमा नक्सा पास प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ३० :** धनगढीमाई नगरपालिकाको चौथो नगरसभा तयारीका लागि आ आफ्नो स्थान बाट खटिएका सम्पूर्ण कर्मचारिहरुको मनोबल उच्च बनाउनका लागि नगर सभा संचालन भएको दिन २०७६।३।१० र २० गते का लागि २ दिनको नगर सभा सदस्यहरुले पाए बापतको भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३१ :** यस नगरपालिकाको लागि अति आवश्यक रहेको तर स्रोतको अभावमा नगरपालिकाबाट संचालन गर्न सम्भव नभएका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु संचालनमा सहयोग गरी दिन नेपाल सरकार, प्रदेश सरकार सम्वन्धित निकायमा माग गर्ने निर्णय भयो ।

१. जिरोमाईल सरेअम्बास सडक कालोपत्रे
२. धनगढी भवानिपुर लक्ष्मीपुर पतारी सडक कालोपत्रे
३. आमचोक गढमे सडक कालोपत्रे
४. धनगढी माछाबजार काला पानी सडक कालोपत्रे
५. मुसहरनिया राजदेवी थान हुँदै सुखिपुर जाने सडक कालोपत्रे
६. मड्याङ महाजनी खुट्टी सर्रे हुँदै अम्बास जाने सडक स्तरोन्नति
७. कसाहा पुर्वको वडा नं ८ र ६ हुँदै सुखिपुर जाने बाटो कालोपत्रे
८. सर्रे खोलामा पुल निर्माण, वडा नं १४
९. खुट्टी खोलामा पुल निर्माण, वडा नं १४
१०. महाजनी खोलामा पुल निर्माण, १४
११. ठटिया देखि सिमलटोकी बाटोको सर्रे खोलामा पुल निर्माण, वडा नं १२
१२. अमाहा खोलामा पुल निर्माण, वडा नं ९ र ५ को सिमाना
१३. बाबुराम खोलामा पुल, वडा नं १० र ११ को सिमाना

१४.डुम खोलामा पुल, धनगढीमाई नपा ११ र लहान नपा १३ सिमाना
१५.डुम खोलामा पुल निर्माण, गुडिटोल नजिक
१६.बाबुराम खोलामा पुल निर्माण, सोमनटोल नजिक
१७.मडायन खोलामा पुल निर्माण
१८.धनगढीमाई नपा ६ देखि निमचौक हुँदै कुडवा बाखर सम्म सडक स्तरोन्नति
१९.छपरारी देखी बाखर हुँदै पोखरभिण्डा नासि सडक कालोपत्रे
२०.कसाहा देखी चैनपुर श्यामपुर हुँदै नयनपुर आ.बि. सम्मको सडक स्तरोन्नति
२१.ठटिया देखी गुडिटोल डावर हुँदै लामाटोल मुकसार सम्म सडक स्तरोन्नति
२२. साङ्चेचोम्दान्दे लाखाङ गुम्बा तला थप वडा नं ९, रु ३000000।00
२३.दलित आवास योजना धनगढीमाई वडा नं. २ रु ५,000,000.00
२४. पक्की नाला निर्माण धनगढीमाई वडा नं. २ रु१0,000,000.00
२५.वडा ३ पक्की नाला निर्माण तथा सडकमा कालोपत्रे धनगढी - लक्ष्मीपुर पतारी सडक खण्डको वडा नं. ३ अन्तर्गत महादेव महतोको घर देखि दक्षिण बलदेव साहको घर सम्म रु ३0,000,000.00
२६.वडा ६ नदी नियन्त्रण गांगन खोला र अन्य ठाउँहरु रु ५,000,000.00
२७.वडा ६ सडक कालोपत्रे सिमरा गाउँ रु ६,000,000.00
२८. वडा ६ R.C.C. ढलान धनगढीमाई न.पा ८ को सिमाना देखी गांगन खोला सम्म रु१0,000,000.00
२९.वडा ६ पुल निर्माण पथारा खोला चौबटीयाको नजिक रु ५,000,000.00
३०.वडा ६ सिचाईका लागि पोल तार,खरिद र टान्सफरमर जडान ६ नं. वडा भित्र रु ७,५00,000.00
३१.वडा ६खानेपानि बोरीङ्ग र कृषि बोरीङ्ग र टुवेल जडान ६ नं. वडा भित्र रु १0,000,000.00
३२. वडा ७ गागन खोलामा तटबन्द निमार्ण गर्ने कार्य गागन खोला रु ५0,000,000.00
३३.वडा ७ सार्वजानिक पोखरीको घाट निमार्ण र सडक छेउ मर्मत गर्ने कार्य कसहा केथानी पोखरी राजमार्ग छेउको पोखरी रु १0,000,000.00
३४.वडा ७ पर्यटकिय देविटोकि धर्मस्थल मर्मत तथा निमार्ण गर्ने कार्य फुलकाहा गाउँको रु २0,000,000.00
३५.वडा ७ सलेस मन्दिर निमार्ण तथा वृक्षा रोपन गर्ने कार्य कसहा साविक वडा नं. ४ पासवान टोल रु १0,000,000.00
३६.वडा ७ आर.सि.सि. ढलान गर्ने कार्य लोकमार्ग देखि दक्षिण (साविक अयोध्यानगर ३ देखि ९ सम्म) रु २0,000,000.00
३७.वडा ७ सिचाई बोर्डिङ्ग जडान गर्ने कार्य १२ ईन्चको ६ थान गागन खोला रु१६,000,000.00
३८.वडा ७ ज.मा.वि.अयोध्यानगर ३ को भौतिक पुर्वाधार र भवा निमार्ण ज.मा.वि.अयोध्यानगर ३ रु ५0,000,000.00
३९.वडा ७ ढल निकास वडा नं.७ को लागि वडा नं.७ रु 90,000,000.00
४०. वडा ७सलेस मन्दिर निमार्ण तथा वृक्षा रोपन गर्ने कार्य कसहा साविक वडा नं. ४ पासवान टोल रु १0,000,000.00
४१.वडा ७ आर.सि.सि. ढलान गर्ने कार्य लोकमार्ग देखि दक्षिण (साविक अयोध्यानगर ३ देखि ९ सम्म) रु २0,000,000.00
४२. वडा ८ सिंचाई बोर्डिङ्ग जडान गर्ने कार्य - ५ (पाँच) थान वडाको आवश्यकता भएको ठाउँमा रु ५,000,000.00
४३.वडा १० पाहुना घर निर्माण अनिल लामाको घरको छेउको मुसहरी टोल रु २,५00,000.00
४४. वडा १० पाहुना घर निर्माण अवधि महतोको घरको छेउको मुसहरी टोल रु २,५00,000.00
४५. वडा १० डिप बोरिङ्ग २ थान सिंचाईको लागि श्यामपुर र दनुवारी टोल रु १५,000,000.00
४६. वडा १० कालोपत्रे धनगढी बजारको विश्वकर्मा चौक देखि पश्चिम रेड क्रस भवन सम्म रु ५,000,000.00

४७. वडा ११ जनता आवासीय घर रु १०,५००,०००.०

४८. वडा ११ सुकुम्बासी बस्ती व्यवस्थित रु १०,५००,०००.००

४९. वडा ११ छपराडी बजार व्यवस्थापन रु १०,५००,०००.००

५०. वडा ११ शान्तिपुर बाबुराम खोलामा पूल निर्माण रु १०,५००,०००.००

५१. वडा १३ बाल उद्यान केन्द्र निर्माण कुम्राहा

५२. वडा १३ पिकनिक स्पट र भ्यू टावर निर्माण भालुटार र दुरविन डाँडा

५३. वडा १३ डुमखोलामा बाँध निर्माण गरी सिंचाई गर्ने

५४. वडा १३ खेलकुद मैदान निर्माण डावर टोर

५५. वडा १३ सर्रे खोलामा बाँध निर्माण सर्रे खोला

५६. वडा १३ बाबुराम खोलामा कजवे निर्माण वडा कार्यालय नजिक

५७. वडा १३ बाबुराम खोलामा क्रेट जाली गर्ने वडा कार्यालय छेउ

५८. वडा १३ असारे, सिम्ले, भोटेटारमा खानेपानीको व्यवस्था गर्ने

५९. वडा १३ कुम्राहा खोलामा ताल निर्माण

६०. वडा १३ भोटेटार देखि सिम्ले सम्म झोलुङ्गे पूल निर्माण

६१. वडा १३ चुनिया खोल्सीमा बाँध बाँधी सिंचाई गर्ने

६२. वडा १३ वडा भित्रको गाउँमा ४ थान डिप बोरिङ्ग निर्माण

६३. वडा १४ विद्युतिकरण विभिन्न बस्तीहरुमा रु ५,०००,०००.००

६४. वडा १४ बिहिवारे बजार देखि खुट्टी हुँदै मडयान सम्म कालोपत्रे सर्रे बिहिवारे देखि मडयान सम्म रु १५,०००,०००.००

६५. वडा १४ कलभट तथा स्ल्याब निर्माण वडा नं. १४ का विभिन्न गाउँ तथा बस्तीहरुमा रु १०,०००,०००.००

**निर्णय नं. ३२ :** चौथो नगर सभा संचालनमा सहयोग पुऱ्याउने नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु, राजनैतिक दलका पदाधिकारी ज्यूहरु, बिभिन्न संघ संस्थाका प्रतिनिधी ज्यू लगायत सबै कर्मचारीहरु र समस्त संचारकर्मी, उद्योगी व्यवसायी लगायत सम्पूर्ण नगरवासीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दै चौथो नगरसभा सम्पन्न भएको घोषणा गरियो ।

धनगढीमाई नगरपालिकाको नगर सभा सञ्चालन कार्यविधि, २०७४ को दफा ४७ को उपदफा १ अनुसार **धनगढीमाई नगरपालिकाको चौथो नगर सभामा प्रस्तुत् आर्थिक वर्ष २०७६/०७७ को लागि नीतिगत निर्णय** नगर सभाबाट पारित भएको प्रमाणीकरण गर्दछु ।

दस्तखत :
नाम : हरिनारायण चौधरी
पद : सभा अध्यक्ष (नगर प्रमुख)
मिति : २०७६/०३/२०